# मेरो स्वास्थ्य हेरचाह अधिकार

**यो स्वास्थ्य हेरचाह अधिकारको अष्ट्रेलियाको अधिकार-पत्र (चार्टर) को दोस्रो संस्करण हो।**

यी अधिकारहरू अष्ट्रेलियाको सबै ठाउँहरूमा लागू हुन्छ जहाँ स्वास्थ्य हेरचाह सेवा प्रदान गरिन्छ।

यस चार्टरले तपाईले, वा तपाईले हेरचाह गर्ने अरू कसैले, स्वास्थ्य हेरचाह सेवा प्राप्त गर्दा के अपेक्षा राख्न सकिन्छ भन्ने बारे बर्णन गर्छ।



जुलाई 2019 मा प्रकाशित

## मलाई निम्न कुराहरुको अधिकार छ:

### पहुँच

- स्वास्थ हेरचाह सेवाहरू र उपचार जसले मेरो आवश्यकताहरू पूरा गर्दछ

### सुरक्षा

- राष्ट्रिय मापदण्ड पूरा गर्ने सुरक्षित र उच्च गुणस्तरको स्वास्थ्य हेरचाह सेवा पाउने
- मलाई सुरक्षित महसुस हुने वातावरणमा हेरचाह पाउने

### आदर

- एक व्यक्तिको रुपमा व्यवहार गर्ने र मर्यादा एवं सम्मान सहित व्यवहार गर्ने
- मेरो संस्कृति, पहिचान, विश्वास र रोजाईको कदर र आदर गर्ने

### साझेदारी

- प्रश्नहरू सोध्ने तथा खुलेर र ईमानदारपूर्वक संबादमा सहभागी हुने
- मैले रोजेको र सक्षम भएको हदसम्म, मेरो स्वास्थ्य हेरचाह सेवा प्रदायकसँग मिलेर निर्णय गर्ने
- योजना र निर्णय लिने क्रममा मैले रोजेको ब्यक्तिलाई समावेश गराउने

### जानकारी

- मेरो अवस्थाको बारेमाविभिन्न परीक्षण र उपचारका सम्भावित फाइदा र जोखिमहरूका बारेमा स्पष्ट जानकारी दिनुहोस्, जसले गर्दा म आफ्नो सूचित सहमति दिन सक्छु
- सेवाहरू, प्रतीक्षा समय र लागतका बारेमा जानकारी प्राप्त गर्ने
- मलाई बुझ्न तथा स्वास्थ्य जानकारी प्रयोग गर्न मद्दतको आवश्यक पर्दा सहायता पाउने
- मेरो स्वास्थ्य जानकारीको पहुँचको लागि अनुरोध गर्ने
- यदि मेरो स्वास्थ्य हेरचाहको क्रममा केहि गलत हुन गएमा, त्यस्तो कसरी भयो, यसले मलाई कसरी असर पार्न सक्छ र हेरचाह सुरक्षित गर्न के गरिदैछ भन्ने बारे जानकारी पाउने

### गोपनीयता

- मेरो व्यक्तिगत गोपनीयताको सम्मान गर्ने
- मेरो तथा मेरो स्वास्थ्यको जानकारी सुरक्षित र गोप्य राखिने

### प्रतिक्रिया दिने

- मैले पाईरहेको उपचारमा असर नपर्ने गरि प्रतिक्रिया वा उजुरी दिने
- मेरा गुनासाहरूलाई पारदर्शीपूर्वक र समयमै सम्बोधन गर्ने
- मेरा अनुभवहरू बाड्ने तथा हेरचाह र स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न भाग लिने

AUSTRALIAN COMMISSION
ON SAFETY AND QUALITY IN HEALTH CARE

**थप जानकारीको लागि कुनै पनि कर्मचारीकोलाई सोध्नुहोस् वा यहाँ जानुहोस्**

**safetyandquality.gov.au/your-rights**